# खार्पूनाथ गाँउपालिकाको

## विनियोजन ऐन संशोधन गर्न बनेको विधेयक , २०८०

खार्पूनाथ गाँउपालिका
याङ्चुबजार,हुम्ला
२०८०, असार १० गते

कर्ण बहादुर रावल
अध्यक्ष

खार्पुनाथ गाउँपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने तथा नेपालको संविधानबमोजिम नेपाल सरकारबाट स्वीकृत कार्यविस्तृतीकरण प्रतिवेदन अनुसार स्थानीय तहको अधिकार सम्बन्धमा यस खार्पुनाथ गाँउपालिकाको विषयगत शाखाले गर्ने सेवा तथा कार्यको सम्बन्धमा व्यवस्था गर्न बनेको आ.व. २०८०।०८१ को बजेट संशोधन विधेयक

सभाबाट स्वीकृत मितिः२०८०।०३।१०

प्रस्तावनाः खार्पुनाथ गाउँपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम खार्पुनाथ गाउँसभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “खार्पुनाथ गाउँपालिकाको विनियोजन ऐन, २०८०” रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **आर्थिक बर्ष** २०८०।०८१ **को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०८०।०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजीगत खर्च र बित्तीय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३८६९७५१४५ (अक्षेरूपी अठ्तिस करोड उनान्सत्तरी लाख पचहत्तर हजार एक सय पैचालिस )मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

कर्ण वहादुर रावल
अध्यक्ष

**३. विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८०।०८१ को निमित्त खार्पुनाथ गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन।

तर चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ।

कर्ण बहादुर रावल
अध्यक्ष

# अनुसूची–१

(दफा २ सँग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चित कोषबाट विनियोजन हुने रकम

| क्र.स. | अनुदान सङ्ख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ कार्यपालिका | ६९०३७४०० | ५८४१३००० | ० | **१२७४५०४००** |
| २ | | वडा समिति | ० | ९००००००० | ० | **९००००००** |
| ३ | | विषयगत शाखा | १२४६५५७४५ | १७९२१००० | | **१४२५७६७४५** |
| ४ | | ऋणको साँवा ब्याज भूक्तानी | ० | ० | ० | **०** |
| ५ | | लगानी (सेयर÷ऋण) | ० | ० | ० | **०** |
| ६ | | प्रधान मन्त्री रोजगार कार्यक्रम | २३२१००० | ७१७९००० | ० | **९५०००००** |
| ७ | | नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम LAPA | ५०००००० | ० | | ५०००००० |
| ८ | | स्थानिय सहयोग पुर्वाधार कार्यक्रम ( LISP) | | १००००००० | | १००००००० |
| ९ | | सवैका लागि दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता आयोजान (SUSWA) | १०६००००० | १५७००००० | | **२६३०००००** |
| १० | | GIZ(GRAPE) | ७५००००० | ०० | | ७५००००० |
| ११ | | कर्णाली प्रदेश सरकारबाट प्रत्सा ससक्त अनुदान | २९६४८००० | २०००००००० | | **४९६४८०००** |
| | | जम्मा | २२४०६२१४५ | १६२९१३००० | | ३८६९७५१४५ |

कर्ण वहादुर रावल
अध्यक्ष

आ व २०८०।७८१ मा यस गाँउपमलिका बाटभएको आम्दानी तथा बजेट खर्चको यथार्थ विवरण प्रस्तुत गर्न चाहन्छु ।

| क्रस | आम्दानी तथा खर्चको शिर्षक | बार्षिक स्वीकृत बजेट रकमर रु | २०८० जेठ मसान्त सम्मको निकासा | २०८० जेठ मसान्त सम्मको खर्च | २०८० जेठ मसान्त सम्मको बाँकी |
|---|---|---|---|---|---|
| १ | गत आ व को मौज्दात | १३०६०५८०।०३ | १२०००००० | १११४०२५५।२० | १०६०५८०।०३ |
| २ | संघ प्रदेश सरकारबाट प्राप्त अनुदान र राजस्वको विवरण | ४४२२६१६७५।८२ | ३४५६८६२५७।२० | २४३२४५८९५।९० | ९६५७५४१८।३२ |
| ३ | आन्तरिक राजस्व | २०००००० | ४२८०८५ | ०० | १५७१९१५।०० |
| | जम्मा | ४५७३२२२५५।८५ | ३५८११४३४२।२० | २५४३८६१५१।१० | ९९२०७९३१।६५ |

कर्ण बहादुर रावल
अध्यक्ष